Different contexts, common Aspirations “भिन्न परिवेश, साझा आकांक्षा”

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय

# राष्ट्रिय युवा परिषद्

सानोठिमी भक्तपुर

UNITED NATIONS NEPAL



# अन्तर्राष्ट्रिय युवा दिवस-२०२६

## अगष्ट १२ (२०८३ श्रावण २७)

## सप्ताहव्यापी कार्यक्रम तथा मूल समारोह परिचयात्मक पुस्तिका

फोन नं.: ०१-६६३८१५२, ६६३५१३३/६६३५८३५ फ्याक्स नं: +९७७-६६३०१९३
वेभसाइट: www.nyc.gov. np, इमेल: info@nyc.gov.np
नोटिसबोर्ड सेवा: १६१८०१६६३५८३५

## १ पृष्ठभूमि

सन् १९९८ अगस्ट ८ देखि १२ तारिखसम्म संयुक्त राष्ट्रसंघको समन्वयमा पोर्चुगलको राजधानी लिसवनमा विश्वका १४० देशका युवा मामिला हेर्ने मन्त्रीज्यूहरुको सहभागितामा सम्पन्न विश्व युवा सम्मेलनले आआफ्ना देशमा राष्ट्रिय युवा नीति तर्जुमा गर्ने साझा प्रतिवद्धता जनाउँदै युवा सशक्तिकरणका पक्षमा ८८ वुदे लिसवन घोषणापत्र जारी गरेको थियो। यसको महत्वलाई कायम राख्दै सन् २००० बाट संयुक्त राष्ट्रसंघको आह्वानमा अगष्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवसका रूपमा मनाउने अभ्यास रहेको छ। नेपालमा सन् २००४ मा पहिलो पटक युवा संस्थाहरूको सामुहिक पहलमा अन्तर्राष्ट्रिय युवा दिवस मनाइएको थियो। राष्ट्रिय युवा परिषदको स्थापना भएपछि युवालक्षित नीति तथा कार्यक्रमहरूको निर्माण र कार्यान्वयनका लागि वहस, पैरवी र समन्वय तथा साझेदारीको संस्थागत नेतृत्व सरकारी निकायका रूपमा रहेको परिषदबाट हुँदै आएको छ।

गत वर्ष अन्तर्राष्ट्रिय युवा दिवस २०२५ मा "Local Youth Actions for the SDGs and Beyond" अर्थात् "दिगो विकास र सुनौलो भविष्यको सार: स्थानीय युवाको सहभागिता समृद्धिको आधार''  भन्ने आदर्श वाक्य रहेको थियो। अन्तर्राष्ट्रिय युवा दिवस २०२६ मा "Different Contexts, Common Aspirations" अर्थात् "भिन्न परिवेश, साझा आकांक्षा "  भन्ने आदर्श वाक्य रहेको छ।

## २. अन्तर्राष्ट्रिय युवा दिवस मनाउनुका उद्देश्य

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा युवा केन्द्रित वहस पैरवी गर्ने,
२. नीति निर्माण तथा कार्यान्वयनमा युवा सहभागिता, साझेदारी  एवम् लगानी अभिवृद्धि गर्ने,
३. युवामैत्री शासन प्रवर्धन गर्न सहयोग गर्ने,
४. युवा केन्द्रित सरकारी, गैर सरकारी, निजी संस्था / निकायहरू बीच सहकार्य र साझेदारी अभिवृद्धि गर्ने।

## ३. राष्ट्रिय जनगणना २०७८ र युवा सहभागिता

राष्ट्रिय युवा परिषद ऐन, २०७२ ले जनसंख्याको १६ देखि ४० वर्ष उमेरलाई युवा परिभाषित गरेको छ। राष्ट्रिय युवा नीति २०८२ मा १८ देखि ३५ वर्ष उमेरलाई युवा उमेर कायम गर्ने नीति लिइएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार १६ देखि ४० वर्ष उमेर समूहको जनसंङ्ख्या १,२४,१२,१७३ जना अर्थात् कुल जनसङ्ख्याको ४२.५६ प्रतिशत र १८ देखि ३५ वर्ष उमेर समूहको जनसङ्ख्या ९०.०२५६८ जना अर्थात् कुल जनसङ्ख्याको ३०.१ प्रतिशत रहेको छ। नेपालको जनसाङ्ख्यिक लाभांश तथा युगीन अपेक्षाअनुसार युवा सशक्तिकरण र सहभागिता अभिवृद्धिको मार्ग खोजी गर्दै युवा केन्द्रित रणनीतिक कार्ययोजना तर्जुमा गर्ने क्रममा युएनएफपिएको प्राविधिक सहयोगमा Nepal Demographic Dividend and Youth Engagement Roadmap 2040 को प्रारम्भिक मस्यौदा तयार भई अहिले छलफलको क्रममा रहेको छ। यसले राष्ट्रिय युवा नीति २०८२ का साथै तर्जुमाको चरणमा रहेको राष्ट्रिय रोजगार नीति र भिजन २०५० का मूलभूत अपेक्षालाई आत्मसात गर्दै युवामा थप आशा र भरोशा अभिवृद्धि गर्नसक्ने अपेक्षा रहेको छ।

## ४ राज्य सञ्चालनमा युवा सहभागिता

२०८२ फागुन २१ गते सम्पन्न निर्वाचनमा प्रतिनिधिसभा सदस्य पदमा ४० वर्ष भन्दा कम उमेर समूहबाट १०२ जना युवा निर्वाचित हुनु भएको छ। वर्तमान मन्त्रिपरिषदमा सम्माननीय प्रधानमन्त्रीज्यूसहित ११ जना माननीय मन्त्रीज्यूहरू युवा उमेर समूहबाट नेतृत्वमा हुनुहुन्छ। अहिले प्रदेश सभामा २३.६३ प्रतिशत र राष्ट्रिय सभामा ६.७७ प्रतिशत  युवा सहभागिता रहेको छ। यसैगरी स्थानीय तह निर्वाचन २०७९ मा ४० वर्ष मुनिको उमेर समूहबाट ३९.६५ युवाहरूको प्रतनिधित्व रहेको देखिन्छ।

## ५ उद्यमशीलता र रोजगार प्रवर्धन

नेपालमा हरेक वर्ष पाँच लाखभन्दा बढी युवा श्रम बजारमा प्रवेश गरेको देखिन्छ। अहिले रोजगारीका साथै उच्च शिक्षाका लागि युवा विदेश जाने र स्वदेशमा फर्किने क्रम चल्दै आएको छ। यतिवेला हामीले एकातिर युवालाई स्वदेश मै आशा र भरोसा दिलाउनु परेको छ भने अर्कातिर नेपालीले विदेशमा रहेर सिकेका ज्ञान,  सिप र क्षमता तथा डायस्पोरा शक्तिलाई मुलुकको हितमा सदुपयोग गर्ने वातावरण तयार गर्न आवश्यक छ। यसका लागि नेपाल युवा सम्मेलन, २०२४ बाट पारित गरिएका प्रतिवद्धता, Pact for the Future का अपेक्षालाई समेत आत्मसात गर्दै स्वरोजगार, स्टार्टअप,  सीप विकास तालिम,सूचना प्रविधि, ई-कमर्सजस्ता क्षेत्रसहित युवा उद्यमशीलता विकासमा जोड दिन आवश्यक छ।

चालु आ.व. ०८३/०८४ मा सरकारले  राष्ट्रिय स्वयंसेवक कार्यक्रम सञ्चालन गरी डिजिटल साक्षरता समुदाय सेवा,नवप्रवर्तन र स्थानीय विकासकामा युवा परिचालन गर्ने नीति लिएको छ। यसका लागि युवाहरूलाई विभिन्न विषयगत छोटो अवधिका र कार्य स्थलमा आधारित तालिम सञ्चालन गरी सिप युक्त वनाउने र नवउद्यम (स्टाट-अप), नवप्रवर्तन र उद्यमशीलतालाई आर्थिक रूपान्तरणको दह्रो आधार बनाउने तथा निजी क्षेत्र र गैर आवासीय नेपालीको सह लगानी प्रोत्साहन गर्ने कार्यक्रम रहेको छ।

## ६ राष्ट्रिय युवा परिषदको मिति २०८३।०४।०१ को निर्णय

राष्ट्रिय युवा परिषदका अध्यक्ष तथा माननीय युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादवज्यूको अध्यक्षतामा मिति २०८३ साउन १ गते सम्पन्न राष्ट्रिय युवा परिषदको २० औं बैठकले अन्तर्राष्ट्रिय युवा दिवस २०२६ लाई सप्ताहव्यापि रूपमा मनाउने र यसको व्यवस्थापन गर्न परिषदका प्रशासकीय प्रमुखको संयोजकत्वमा सहभागितामूलक प्रतिनिधित्व सहित सचिवालय गठन गरेको छ।




अन्तर्राष्ट्रिय युवा दिवस सचिवालयको पहिलो बैठकले अन्तर्राष्ट्रिय युवा दिवस २०२६ को आदर्श वाक्य संयुक्त राष्ट्रसंघले तय गरेको नारा Different contexts, common Aspirations "भिन्न परिवेश, साझा आकांक्षा " लाई आत्मसात गरी  साउन २१ गतेदेखि २७ गतेसम्म सप्ताहव्यापी रूपमा देशैभर तीनै तहको सरकार, विकास साझेदार, निजी क्षेत्र, युवा संघ संस्थाको सहकार्यमा रचनात्मक कार्यक्रमसहित मनाउन आव्हान गर्ने निर्णय गरेको छ। यो निर्णयअनुसार राष्ट्रिय युवा परिषद कार्यालयबाट सबै स्थानीय तह र प्रदेश सरकारलाई सप्ताहव्यापी रूपमा यो दिवस मनाउन सार्वजनिक आह्वान गरेको छ।

## ७ सप्ताहव्यापी मुख्य कार्यक्रम र पूर्व तयारी

| क्र.सं. | कार्यक्रम | समय | सहकार्य/जिम्मेवार निकाय |
|---|---|---|---|
| १ | अन्तर्राष्ट्रिय युवा दिवस आयोजक सचिवालय गठन | साउन १ गते | राष्ट्रिय युवा परिषद |
| २ | सचिवालयको पहिलो बैठक | साउन ४ गते, | राष्ट्रिय युवा परिषद |
| ३ | संयुक्त राष्ट्र संघीय निकायहरू र विकास साझेदार संस्था र युवा सञ्जालसँग बैठक परामर्श | साउन ५ गते, | राष्ट्रिय युवा परिषद |
| ४ | सप्ताहव्यापी कार्यक्रम | साउन २१ - २७ सम्म | मुलुक भर |
| क | प्रेस विज्ञप्ति | २१ गते | राष्ट्रिय युवा परिषद, सचिवालय |
| ख | विभिन्न निकाय तथा संघसंस्थाहरूबाट देशभर विविध कार्यक्रम आयोजना | २२- २६ गतेसम्म अनुकुल समयमा | प्रदेश र स्थानीय तह, अन्तरराष्ट्रिय तथा राष्ट्रिय गैसस, युवा सञ्जाल युवा अभियन्ताहरू |
| ग | मैत्रीपूर्ण फुटसल प्रतियोगिता | २२ गते बिहान | राष्ट्रिय युवा परिषद सचिवालय, युवा सञ्जाल |
| घ | रेडियो नेपालबाट सन्देश | २७ बिहान ६:५० | मा. मन्त्रीज्यू |
| ङ | **मूल समारोह साउन २७ गते**<br>युवा जागरण दौड<br>१२ स्टार्टअप व्यवसाय प्रदर्शनी /अवलोकन<br>**पहिलो चरण**<br>१. आसन ग्रहण, राष्ट्रिय गान, स्वागत मन्तव्य<br>◈ परिषदबाट निर्मित भिडियो प्रदर्शन<br>◈ WHY NEPAL भिडियो प्रदर्शन<br>◈ उत्प्रेक र शुभकामना मन्तव्यहरू<br>**दोस्रो चरण**<br>१. **"नेपालमा युवा उद्यमशीलता र रोजगारी प्रवर्द्धन"** प्यानल छलफल<br>२. सफलताका कथा प्रस्तुति तथा अन्य | १५० जना<br>९:०० - ४:०० सम्म<br>११:०-१२:३० बजे<br>**१२:३०-२:०० बजे** | नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी<br>मूल समारोह स्थलसम्म<br>मूल समारोह स्थलमा<br>राष्ट्रिय युवा परिषद, संयुक्त राष्ट्र संघीय निकायहरू, अन्तरराष्ट्रिय तथा राष्ट्रिय गैसस, युवा सञ्जाल तथा युवा अभियन्ताहरूसहित<br>संयोजक डा. पुकार मल्ल, मा. सदस्य राष्ट्रिय योजना आयोग<br>**मूल समारोहको प्रत्यक्ष प्रशारण प्राइम टेलिभिजनबाट** |
| ५ | सचिवालय बैठक र समीक्षा | साउन २९ गते | राष्ट्रिय युवा परिषद |

## ८. अन्तर्राष्ट्रिय युवा दिवस २०२६ को मूल समारोहमा विशेष प्रस्तुति

राष्ट्रिय युवा परिषदबाट गत आ.व मा सूचना प्रविधि उद्यमी तथा स्टार्टअप व्यवसायलाई प्रोत्साहन गर्न सातै प्रदेशमा प्रदर्शनी आयोजना गरिएको थियो। यसैगरी केन्द्रमा सूचना प्रविधि उद्यमी तथा स्टार्टअप व्यवसाय पुरस्कार कार्यक्रम अन्तर्गत ६ ओटा व्यवसायलाई २ लाखका दरले पुरस्कार वितरण गरिएको थियो। अन्तर्राष्ट्रिय युवा दिवस, २०२६ का अवसरका आयोजना हुने यस मूल समारोहमा उल्लिखित देहायका उत्कृष्ट व्यवसायहरूको पुन: प्रदर्शनी आयोजना गरिएको छ।

| क्र.सं | व्यवसायीको नाम र ठेगाना | व्यवसाय/उद्यमको नाम | व्यवसायको मुख्य विशेषता | सम्पर्क नं. | विवरण |
|---|---|---|---|---|---|
| क | सूचना प्रविधि उद्यमी तथा स्टार्टअप व्यवसाय राष्ट्रिय पुरस्कार प्राप्त ६ व्यवसायहरू | | | | |
| १ | सविता शर्मा, पोखरा मनपा २९, कास्की | यार्सा टेक प्रा.लि | यो नेपालको सूचना प्रविधि तथा इलेक्ट्रोनिक्स क्षेत्रमा कार्यरत एक नवप्रवर्तनशील उद्यम हो। यस संस्थाले PCB Design, IoT Devices तथा Smart Hardware Solutions विकास गर्दै "Made in Nepal" अवधारणालाई सशक्त बनाएको छ। स्वदेशी प्राविधिक दक्षताको उपयोगमार्फत सुरक्षित, प्रभावकारी तथा उपभोक्तामैत्री प्रविधि समाधान प्रदान गर्दै डिजिटल आत्मनिर्भरता र रोजगारी सिर्जनामा योगदान पुऱ्याएको छ। | ९८६२७४६६११ | पुरस्कार प्राप्त गर्ने उत्कृष्ट ६ स्टार्ट अप व्यवसायहरू |
| २ | निकेश सिंह, महालक्ष्मी नपा ०८, ललितपुर | E. Kagajpatra Pvt. Ltd. | यो नागरिक र सरकारी सेवाबीचको दूरीलाई प्रविधिमार्फत न्यून गर्ने उद्देश्यले स्थापित डिजिटल स्टार्टअप हो। यसले जटिल तथा समयसाध्य प्रशासनिक प्रक्रियालाई सरल, छिटो तथा सहज डिजिटल सेवामा रूपान्तरण गर्दै नागरिक तथा व्यवसायलाई भरपर्दो समाधान उपलब्ध गराइरहेको छ। डिजिटल सुशासन प्रवर्द्धनमा यसको योगदान छ। | ९८४९०३७४६२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सरला महर्जन,<br>ललितपुर मनपा २८, ललितपुर | सकल बायो इन्जाइम नेपाल | यो महिलाहरूको नेतृत्वमा सञ्चालित हरित उद्यम हो। जैविक फोहोरलाई मूल्यवर्धित Bioenzyme उत्पादनमा रूपान्तरण गरी यसले Chemical-free Cleaning तथा Personal Care Products बजारमा उपलब्ध गराउँदै आएको छ। फोहोर व्यवस्थापन, महिला सशक्तीकरण तथा चक्रीय अर्थतन्त्र (Circular Economy) प्रवर्द्धनमा यसको सकारात्कम भूमिका छ। | ९८४९१०३१३२ | |
| ४ | महेश्वरी कुमारी सिंह, शिवनगर १, धनगढी, कैलाली | सात्विका भान्साघर | यो स्थानीय स्रोतमा आधारित शुद्ध, अर्गानिक तथा पोषणयुक्त खाद्य उत्पादनमा समर्पित उद्यम हो। अचार, सातु, सुत्केरी मसला लगायत विविध खाद्य सामग्री उत्पादनमार्फत यसले परम्परागत नेपाली स्वादलाई आधुनिक स्वच्छ उत्पादन प्रणालीसँग जोडेको छ। स्थानीय कच्चा पदार्थको अधिकतम उपयोग तथा स्वास्थ्यप्रति सचेत उत्पादन यसको प्रमुख विशेषता हो। | ९८४८७९०४१० | |
| ५ | रविकिरण श्रेष्ठ, काठमाडौं मनपा २९, काठमाडौं | Dear Sir Home Tuition Pvt. Ltd. | यो प्रविधिमा आधारित Personalized Education Service प्रदान गर्ने नवप्रवर्तनशील शैक्षिक स्टार्टअप हो। विद्यार्थीको आवश्यकता, क्षमता तथा मनोविज्ञानका आधारमा उपयुक्त शिक्षकसँग Scientific Matching गर्ने Digital Platform यसको प्रमुख विशेषता हो। यसले अभिभावक, विद्यार्थी तथा शिक्षकबीच पारदर्शी र विश्वसनीय शैक्षिक सञ्जाल निर्माण गरेको छ। | ९८४६७२२६०० | |
| ६ | आयुश अवस्थी , धनगढी उपमनपा ०२, कैलाली | VermiCow Organics | यो एक वातावरणमैत्री कृषि उद्यम हो, जसले गाईको गोबरलाई उच्च गुणस्तरीय जैविक मलमा रूपान्तरण गर्दै दिगो कृषि प्रणालीलाई प्रवर्द्धन गरिरहेको छ। जैविक मल उत्पादनसँगै कृषकलाई तालिम, Earthworm Supply तथा Sustainable Farming सम्बन्धी व्यावहारिक ज्ञान प्रदान गर्नु यसको विशिष्टता हो। यसले हरित अर्थतन्त्र, फोहोर व्यवस्थापन तथा स्थानीय रोजगारी सिर्जनामा सकारात्मक योगदान पुऱ्याएको छ। | ९८४८२२०४९५ | सुदूर पश्चिम प्रदेशमा प्रथम र केन्द्रमा उत्कृष्ट ६मध्ये एक |
| ख | **सूचना प्रविधि उद्यमी तथा स्टार्टअप व्यवसाय प्रदर्शनीमा प्रदेशगत रूपमा प्रथम** | | | | |
| ६ | पुष्प कुमारी खड्का, बीरेन्द्रनगर ७ सुर्खेत, | कालिका अल्लो कपडा बुनाई तथा प्रशिक्षण केन्द्र | ढाका टोपी, कोट, आस्कोट, स्कुल ब्याग, लेडिज ब्याग, दौरासुरुवालको कपडा, पच्छौरी लगायतका उत्पादन हुंदै आएको । विभिन्न डिजिटल मिडियाबाट आफ्नो प्रचार प्रसार गर्दै आएको । | ९८६८९१२४०४ | कर्णाली |
| ८ | हिसिला वली, घोराही १४ दाङ | युनिक दिदी बहिनी अल्लो उद्योग | स्थानीय कच्चा पदार्थ प्रयोग गरी वातावरणमैत्री र हस्तनिर्मित कपडा उत्पादन गर्ने नवप्रवर्तन गरिएको । जसले परम्परागत सीपलाई आधुनिक डिजाइनसंग जोडेको छ । | ९८६८६१६५१८ | लुम्बिनी |
| ९ | उषा गिरी पौडेल<br>पोखरा महानगरपालिका २६, कास्की | सर्वगुण किचन | आफ्नै खेतबारी र बगैचाबाट तयार पारिएको ताजा खाना र खाद्य संस्कृति नै सर्वगुण किचन हो। विद्यार्थीहरूलाई स्थानीय स्वस्थ्यकर खाना र खाजा तयार गरी विशेषत दैनिक १० वटा निजी विद्यालय, ३ वटा सामुदायिक विद्यालय र मणीपाल शिक्षण अस्पतालमा खाजा/खानाको व्यवस्था गरिरहेको। | ९८४१५०२४०२ | गण्डकी |
| १० | अभिज्ञ सुवेदी हेटौडा ०९, मकवानपुर | मिठास अग्रो फर्म | यसले केराको चिप्स, केराको दलमोठ, केराको फाइबर बनाइ स्थानीय उत्पादनमा जोड दिएको छ । | ९७४१७९२४६१ | वागमती |
| ११ | अमर प्रताप सिंह कल्याणपुर, सिराहा | बोलपत्र नेपाल प्रा.लि. | राष्ट्रिय तथा स्थानीय पत्रिका, PPMO र e-bid सूचनाहरूलाई एउटै डिजिटल प्लेटफर्ममा समेटी टेन्डर खोज्ने र हेर्ने प्रक्रियालाई सरल बनाएको । | ९८०३२३८१९८ | मधेश |
| १२ | भुपेन्द्र दाहाल, बराहक्षेत्र २ सुनसरी | साथी खाद्‍य उद्योग | यसले कागतीको अचार, माछा उत्पादन लोकल कुखुरा उत्पादन लगायतका काम गर्दै आएको छ । | ९८४२२२३६२३ | कोशी |

## ९. सार्वजनिक अनुरोध



अन्तर्राष्ट्रिय युवा दिवस युवा जागरणका दिशामा विश्वव्यापी र साझा अभियान हो। यस दिवसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा युवा केन्द्रित वहस पैरवी गर्ने, नीति निर्माण तथा कार्यान्वयनमा युवा सहभागिता, साझेदारी एवम् लगानी अभिवृद्धि गर्ने, युवामैत्री शासन प्रवर्धन गर्ने, युवा केन्द्रित सरकारी र गैर सरकारी संस्थाहरू बीच सहकार्य र साझेदारी बढाउनका साथै सांस्कृतिक, भौगोलिक, भाषिक, शारिरीक तथा प्रविधिजन्य विविधताबीच एकता र पारस्परिकता प्रवर्धनमा सबैलाई हातेमालो गर्दै अधि बढ्न प्रेरणा दिएको छ ।

तसर्थ यस सन्दर्भमा छापा तथा विद्युतीय सञ्चार माध्यमहरू मार्फत् छलफल तथा अन्तरसंवाद, साँस्कृतिक कार्यक्रम, वादविवाद, खेलकुद तथा मनोरञ्जनात्मक, युवाका विषयमा सूचानामूलक तथा अन्य मौलिक, प्रवर्तनात्मक, जागरणमूलक कार्यक्रमहरु गरी संसारभर मनाईदैछ । नेपालले पनि विगत वर्षहरू देखि नै अगष्ट १२ का दिन देशभर अन्तर्राष्ट्रिय युवा दिवश मनाउँदै आएको छ। यस वर्ष "भिन्न परिवेश,साझा आकांक्षा " भन्ने आदर्श वाक्यका साथ सन् २०२६ अगष्ट १२ (तदनुसार वि.स. २०८३ श्रावण २७ गते) बुधवारका दिनलाई मुख्य दिन मानी साउन २१ गतेदेखि सप्ताहव्यापी रुपमा मुलुकभर विविध कार्यक्रम गरी यो दिवश मनाइदै छ । राष्ट्रिय युवा परिषद, युवासम्बद्ध सरकारी तथा संयुक्त राष्ट्रसंघीय निकायहरू एवम् गैरसरकारी संघसंस्थाहरु बीच ऐक्यवद्धताका साथ विविध कार्यक्रमहरू आयोजना हुँदैछन् । केन्द्रीयस्तरमा मूल समारोह नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा सम्पन्न हुदैछ। श्रावण २७ गते विहान भृकुटी मण्डपदेखि मूल समारोह स्थलसम्म युवा जागरण दौड आयोजना हुँदैछ। मूल समारोहमा नेपालमा युवा उद्यमशीलता र रोजगारी प्रवर्धन विषयमा उच्चस्तरीय प्यानल छलफलको आयोजना हुँदैछ। आआफ्नातर्फबाट सप्ताहव्यापी रूपमा विविध कार्यक्रम गरी अन्तर्राष्ट्रिय युवा दिवस २०२६ मनाउँदै यस मूल समारोहमा उपस्थितिका लागि समस्त युवावर्ग, सबै सरकारी तथा संयुक्त राष्ट्र संघीय निकाय, विकास साझेदारहरू, सामाजिक संघ संस्थालगायत सम्पूर्ण सरोकारवालामा हार्दिक सबैमा हार्दिक अनुरोध छ।

**मूल समारोह: २०८३ साउन २७ गते बुधबार समय विहान ९:००- ४:०० सम्म स्थान: नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी काठमाडौं।**